तनहुँ जिल्ला अदालत
दमौली, तनहुँ

# तनहुँ जिल्ला अदालत

## लिलाम बढाबढको सूचना

### विगो नं ६४/०८१ मुद्दा नं ०७७-cp-०५२५

वादी शान्त श्रेष्ठ प्रतिवादी तिर्थ नारायण श्रेष्ठ समेत भएको अंश मानाचामल विगो मुद्दामा यस अदालतको मिति २०८०।१०।२२ को फैसला बमोजिम प्रतिवादीले निवेदकको मानाचामल विगो नबुझाएको र सुसन श्रेष्ठको नाउँमा दर्ता रहेको तनहुँ जिल्ला साविक पुर्कोट गा.वि.स. वडा नं. ३ नक्सा सिट नं. ३/क को कि.नं.४३९ क्षे.फ. २-९-०-० कित्ता जग्गा जेथा देखाई निवेदन दिई मुद्दाको कारवाहीको क्रममा उक्त जग्गा यस अदालतबाट यस अदालतबाट मिति २०८१।१२।१४ र मिति २०८२।०१।०९ गतेमा यस अदालतमा पहिलो पटक डाँक लिलाम हुने भनि सुचना प्रकाशन गरीएकोमा कोही पनि लिलाम प्रकियामा भाग लिन नआएकोले पुनः मिति २०८२।०१।२८ गतेमा दोस्रो पटक लिलाम सम्बन्धी कार्य हुने भएकोले डाँकबढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. यस अदालतको तहसिल शाखामा मिति २०८२।०१।२८ गते दिनको १.००(एक) बजेदेखि ४.०० बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँकलिलाममा उपस्थित भई बोलकबोल गर्न सकिने छ ।
२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट डाँकलिलाम हुने छ ।
३. कायम भएको न्यूनतम पञ्चकीर्ति मूल्यबाट डाँक बढाबढ गर्नुपर्ने छ ।
४. डाँक लिलामको बखत बोलकवोल गरेको अङ्कको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नुपर्ने छ । बाँकी बोलकबोल रकम डाँकलिलाम भएको मितिले सात दिनभित्र दाखिल गर्नुपर्ने छ । त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशन गरिने छ ।
५. डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अङ्क बोलकबोल गर्नेलाई डाँक सकार गराइने छ।
६. डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला ।

८२।१।५।
तहसिलदार (शाखा अधिकृत)

डाँक लिलाम हुने सम्पत्तिको विवरण

| सि. नं | जग्गा धनीको नाम | जिल्ला | दर्ता रहेको गा/पा न/पा/वडा नं समेतको विवरण | कि.नं /क्षेत्रफल रोपनी | डाँक बोल्नु पर्ने पन्चकृते न्युनतम मुल्यांकन अंक प्रतिरोपनी दर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सुसन श्रेषठ | तनहुँ | पुर्कोट गा.वि.स. वडा नं. ३-३क | कि.नं.४३९ क्षे.फ. २-९-०-० | रु.५,००,०००।- (पाँच लाख रुपैयाँ) प्रति रोपनी | बसोबास योग्य, खेतियोग्य फाँट रहेको मोटर बाटोले नछोएको |

इति सम्वत् २०८२ साल बैशाख महिना ०९ गते रोज ३ शुभम्..................................................